बुद्धभूमि नगरपालिकाको राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि २०७४ को अनुसूची -२
दफा ४ तथा अनुसूची १ को भाग २ सँग सम्बन्धित

# बुद्धभूमि राजपत्र

## कपिलवस्तु

## (स्थानीय राजपत्र)

खण्ड २ बर्ष ५ अंक १६ मिति : माघ ४ गते २०७८

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम बुद्धभूमि नगरपालिकाले बनाएको तल उल्लेखित बमोजिमको ऐन, कार्यविधी, निर्देशिका सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।**

## भाग -१

# बुद्धभुमि नगरपालिका स्तरिय महिला स्वास्थ्य स्वयंसेविकाहरुको परिचालन र सामाजिकरण सम्बन्धि कार्यविधि २०७८

सामाजिक परिचालकहरु लाई सशक्त रुपमा परिचालन गर्न तथा राष्टिय सामुदायिक महिला स्वास्थ्य स्वयम सेविका कार्यक्रम रणनिती २०६७ र पहिलो संशोधन २०७६ को दफा २.३.२ (घ) तथा (ङ) को व्यवस्थाका अलवा नगरपालिका वाट समेत थप सुविधा सहित स-सम्मान विदाई गर्न तथा स्थानिय सरकार सन्चालन ऐन २०७४ को दफा ११ को उपदफा(झ) द्वारा पालिकाको क्षेत्रमा आधारभुत स्वास्थ्य व्यवस्थापन गर्ने प्रयोजनको लागि सोही ऐनको दफा उपदफा(६) तथा दफा(१०२) को उपदफा (२) तथा बुद्धभुमि नगरपालिकाको प्रशासनिक कार्य बिधि नियमित गर्ने ऐन- २०७५ बमोजिम यो कार्यबिधि कार्य पालिकाबाट पारित भइ स्थानिय राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ।

**१) परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा बुद्धभुमि नगरपालिका स्तरमा महिला स्वास्थ्य स्वयं सेबिकाहरुको परिचालन र सामाजिकीकरण सम्बन्धि कार्यबिधि २०७७ भन्नाले पालिका स्तरमा कार्यरत स्वयंम सेविकाको पारिचालन र सामाजिकरण सम्बन्धी कार्यको व्यस्थापन पनि भनि वुझ्नुपर्नेछ।

**२) पारिचालन तथा व्यवस्थापन :**

संघिय निर्देशन तथा पालिकाबाट संचालन गर्ने स्वास्थ्य जन्य सचेतीकरण गतिविधिहरुमा महिला स्वयम सेविकाको उच्चतम परिचालन गरिनेछ। परिचालन तथा व्यवस्थापन सहजीकरणको साथै योजना कार्यक्रम , विधि उपायहरुको अवलम्बन गर्न देहाय बमोजिमको पारिचालन , ब्यवस्थापन सहजीकरण समिति रहनेछ।

- नगर उपप्रमुख - संयोजक
- कार्यपालिका सदस्यहरु मध्येबाट महिला, दलित अल्पसंख्यक मध्येबाट १ जना महिला सहित – २ जना
- स्वय सेविका सञ्जाल मध्येबाट अध्यक्ष र सचिव – २ जना

- पालिका स्तरमा क्रियाशिल गैरसरकारी संस्था (स्वास्थ्य क्षेत्रमा कार्यरत मध्ये वाट) को प्रतिनिधि – सदस्य
- स्वास्थ्य शाखा प्रमुख – सदस्य सचिव

उक्त समितिले आवश्यकता अनुसार स्वास्थ्य ईकाई प्रमुख वा स्वास्थ्य कर्मि, पारामेडिसियन वा जनप्रतिनिधिलाई आमन्त्रण गर्न सकिनेछ ।

समितिको बैठक कम्तिमा वर्षको २ पटक वस्ने छ ।

**३) सामुदायिक महिला स्वास्थ्य स्वयम सेविकाहरुको संख्या ;**

बदलिदो परिवेश, जनतामा स्वास्थ्य सचेतनामा आएको बढ्डो परिवर्तन र यातायातको पहुच संचारका कारणले बढ्ढो सुगमतालाई मध्येनजर गर्दै साबिक गा.बि.स.को साविक प्रति वडामा १ जनाका दरले हुनआउने जम्मा वडा संख्या ९० भएकोले सोहि अनुरुप पालिका स्तरमा अधिकतम ९० जनाको संख्यामा हुने गरि अनुकुलित गर्दै लगिने छ । अनुकुलित गरिने आधार तथा उपायहरु

क) साविक गा.बि.स. को साविक वडामा एक जना भन्दा बढी स्वयंसेविका रहेको पाएको अवस्था, मुत्यु वा अन्य करणले खाली हुन आएमा भर्ना नलिने ।

ख) स्बयंम सेविकाको उमेर हदलाई ६० वर्ष कायम गरिनेछ ।

ग) स्वयं सेविका छनौटलाई पारदर्शी बनाउन स्वास्थ्य इकाइको संयोजनमा , आमा समुहको प्रतिनिधि तथा वडा सचिव रहेको समितिले सहभागिता मुलक र सम्भाब्य उम्मेदवार बिच प्रतिस्पर्धा गर्ने गराउने र सो जानकारी वडा तथा पालिकामा जानकारी गराउने ।

घ) स्वयं सेविकाका लागि स्वयं सेवि भावना र विद्यामन शैक्षिक अवस्थालाई मध्ये नजर गरि न्युतम एस.ई.ई. उत्तिर्ण गरेको नभएमा मात्र दश कक्षा पास गरेको र सोही वडामा स्थायी रुपमा बसोबास रहेको विवाहित महिलाबाट छनौट गर्ने व्यवस्था मिलाउने ।

४) सम्मान जनक विदाई तथा सुविधा ;

महिला स्वयंसेबिकाको सामाजिकीकरण महिला स्वयंसेविकाको विगतको योगदानलाई उच्च सम्मान गर्दै नवरक्त संचार प्रबाह गर्ने वातावरण सिर्जना गर्न ६० वर्ष उमेर पुगेका, मुत्युका कारणले अव उप्रान्त खाली हुने वा स्वःइच्छिक रुपमा स्वयंमसेविका छोड्न

चाहेनेहरुका लागि संघिय रणनितीमा उल्लेखित सुविधाका अलवा नगरपालिकाको तर्फबाट देहाय अनुरुप सुविधा, सम्मान प्रदान गरिनेछ ।

क) माथि उल्लेखित कारणले सेवा परित्याग गर्दा संघिय रणनितीमा उल्लेखित सुविधाका अलवा नगरपालिकाको तर्फबाट प्रति वर्ष सेवा अवधि वापत रु. २०००/-सुविधा उपलब्ध गराइने छ । उक्त प्रयोजनका लागि ठोस आधार तथा प्रमाण सम्वन्धित स्वास्थ्य चौकी मार्फत नगरपालिकाको स्वास्थ्य शाखामा वुझाउनु पर्नेछ ।

ख) बिगतको सेवाको सम्मान स्वरुप नगरपालिकाको कार्यपालिकाको बैठकमा बा अन्य बिशेष कार्यक्रम आयोजना गरी दोसल्ला तथा प्रमाण पत्र सहित सम्मान तथा बिदाई गरिनेछ ।

ग) नगरपालिकाको तर्फबाट स्वयं सेविका सेवा निवृत पछि बहुउपयोग हुने परिचय पत्र बितरण गरिनेछ ।

**५) थप सुविधा ;**

क) कार्यरत स्वयम सेविकाको मृत्यु भएका बखत सहानुभुति स्वरुप खर्च ब्यवस्थापनका लागि रणनितिमा उल्लेखित रकममा सत प्रतिसत नगरपालिका वाट थप गरि क्रिया खर्च परिवारलाई उपलब्ध गराउने ।

ख) नगरपालिकाबाट प्रबाह हुने सेवा प्रवाह , सिफारिसहरुमा अवकास प्राप्त स्वयंम सेविका वा निजको परिवारलाई निज स्वयसेविका जिबित रहुन्जेल नगरपालिका वाट लिइने शुल्क दस्तुर , राजस्वमा ५०% छुट दिइनेछ ।

**६) संशोधन तथा पारिमार्जन :**

यस कार्यबिधिको संशोधन परिमार्जन, परिष्करण, अनुकलन गर्ने जिम्मेवारी, दायित्व नगरपालिकाको हुनेछ ।

आज्ञाले
केशवराज सुवेदी
प्रमुख प्रशासकीय अधिकृत